# स्थानीय राजपत्र

**ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित**

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुस ७ गते, २०७९ साल (संख्या २७


# भाग २

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

**नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# स्थानीय वातावरण नीति, २०७९

# स्थानीय वातावरण नीति, २०७९

## १. पृष्ठभूमि

देशको समग्र विकासको दिगोपना वातावरणीय अवस्थाको गुणस्तरमा निर्भर रहन्छ । राष्ट्रको समृद्धिका लागि प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको दिगो व्यवस्थापन र बहुआयामिक उपयोग पूर्व शर्त हुन् । वातावरण र सामाजिक -आर्थिक विकासका सवालहरुलाई एकीकृत रुपमा व्यवस्थापन गर्दै वातावरणको क्षेत्रबाट समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय संकलप पुरा गर्नका लागि योगदान पुप्याउन मानव निर्मित विकासबाट सिर्जित प्रतिकूल वातावरणीय प्रभावलाई रोगथाम एवं न्यूनीकरण गर्न र प्राकृतिक वातावरणको संरक्षण आवश्यक छ । नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको संरक्षण र व्यवस्थापनलाई राज्यको उच्च प्राथमिकतामा राखेको छ । यसको लागी नेपालको भौगोलिक अवस्था , भूउपयोगी र भूक्षमता अनुसार वातावरणमैत्री विकासका क्रियाकलापहरु सञ्चालन हुनु आवश्यक छ । प्रभावकारी कानूनी संयन्त्र,संस्थागत संरचना ,उपयुक्त प्रविधि, जनसहभागीता, सुशासन र वित्तीय साधनहरुको एकीकृत प्रयासबाट मात्र वातावरण संरक्षण एवं दिगो सामाजिक तथा आर्थिक विकास प्राप्त हने देखिन्छ ।

वातावरण संरक्षण बहुआयामिक राष्ट्रिय तथा अन्तरदेशीय विषय रहेको हुँदा नेपालले वातावरण सम्बन्धी विभिन्न अन्तराष्ट्रिय सन्धि सम्झौतामा प्रतिवद्धता जाहेर गरेको छ । दिगो विकासको अवधारणा अनुरुप वर्तवान र अन्तरपुस्ता समन्यायका लागी वातावरणीय स्रोतमाथि न्यायोचित पहुँच र तिनको बुद्धिमतापूर्ण उपयोगको प्रत्याभूति गर्नु राज्यको दायित्व हुन्छ । यसका लागि तीनै तहका सरकार, नागरिक समाज, समुदाय , निजी क्षेत्र र व्यक्ति - व्यक्ति बीच समन्वय र सहकार्यको आवश्यकताको पृष्ठभूमीमा ईन्द्रावती गाउँपालिकाको कार्यपालिकाको वैठकले यो वातावरण नीति, २०७९ तर्जुमा गरिएको छ ।

## २. विगतका प्रयासहरु

राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रियल प्रतिबद्धतालाई सम्बोधन गर्न नेपाल सरकारले वातावरण सम्बन्धी नीति,रणनीति, तथा आवधिक योजनाहरुद्धारा

विगतमा वातावरण संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत प्रयास गर्दै आएको छ । राष्ट्रिय संरक्षण रणनीति, २०४५ र नेपाल वातावरणीय नीति तथा कार्ययोजना,२०५० ले विकास निर्माण कार्यले प्राकृतिक वातावरणमा पार्ने प्रतिकूल प्रभावहरुलाई रोकथाम एवं न्यूनीकरण गर्ने उपायका बारेमा मार्गदर्शन गरेको देखिन्छ । त्यसैगरी राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन मार्गदर्शन,२०५० ले पूर्वाधारहरुको विकासबाट वातावरणमा पर्न जाने प्रतिकूल प्रभावहरुलाई न्यूनीकरण गर्दै विकास र वातावरण बिचको सन्तुलन कायम गर्न प्रभाव अध्ययनको शुरुवात गरेको देखिन्छ । यसै पृष्ठभूमिमा संघीय वातावरण संरक्षण ऐन,२०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ र प्रदेश वातावरण ऐन तथा नियमावली गाउँपालिकाको वन तथा वातावरण कानुनले वातावरण संरक्षणका लागि कानूनी आधारहरु प्रदान गरेको पाइन्छ । यी नीतिगत तथा कानूनी प्रयासका अतिरिक्त वातावरणलाई प्रत्यक्ष र परोक्ष रुपमा प्रभाव पार्ने वन,वन्यजन्तु,जैविक विविधता ,जलवायु परिवर्तन, भू-उपयोग जस्ता क्षेत्रीय तथा उपक्षेत्रीय नीति,रणनीति, गुरुयोजना , आवधिक योजना तथा कानूनहरुको समेत तर्जुमा भई कार्यान्वयन हुँदै आएका छन् ।

संस्थागत प्रयासतर्फ वातावरण संरक्षण ऐन ,२०५३ अनुरुप सम्माननीय प्रधानमन्त्री ज्यूको अध्यक्षतामा विज्ञहरु समेत संलग्न वातावरण संरक्षण परिषद् प्रदेशको हकमा सम्वन्धित प्रदेशको मुख्य मन्त्रीज्यूको अध्यक्षतामा प्रदेश वातावरण संरक्षण परिषद र गाउँपालिकाको हकमा गाउँपालिकाको अध्यक्षतामा गाउपालिका स्तरिय वातावरण संरक्षण परिषदको गठन हुने व्यवस्था रहेको छ । साथै वातावरण सम्बन्धी कार्यहरुलाई कार्वान्वयन एवं संयोजन गर्न वन तथा वातावरण मन्त्रालय अन्तरगत छुटै वातावरण तथा जैविक विविधता महाशाखा एंव वातावरण विभाग स्थापना गरी संस्थागत कार्यविवरण अनुरुपको कार्यसम्पादन भइरहेको छ । त्यसैगरी संघीय तथा प्रदेश स्तरका विभिन्न मन्त्रालयहरुमा वातावरण सम्बन्धी शाखा वा एकाई स्थापना गरी सम्बन्धित क्षेत्रगत वातावरणीय विषयहरुलाई बजेट ,कार्यक्रम तथा आयोजनाहरुमा आन्तरिकिकरण गर्ने प्रयास भएको छ । त्यसरी नै प्रदेशस्तरमा उद्योग ,पर्यटन, वन तथा वतावरण मन्त्रालयको स्थापना गरी वातावरण संरक्षण एवं व्यवस्थापनको कार्य भइरहेको छ धने स्थानीय तहहरुमा वातावरणलाई हेर्ने विभाग ,शाखा र एकाइहरु स्थापना गरिएको छ

। यसका साथै गैरसरकारी , सामुदायिक र निजी क्षेत्रबाट समेत वातावरण संरक्षण एंव व्यवस्थापनमा सहयोगी भूमिका रहेको देखिन्छ ।

## ३. वर्तमान स्थिति

हालसम्म वातावरण संरक्षण र व्यवस्थापनका लागी संघीय प्रदेश स्तरिय र स्थानीय तहमा विभिन्न नीतिगत , कानूनी, संस्थागत तथा कार्यक्रममिक उपलब्धीहरु भएका छन् । वातावरण व्यवस्थापनतर्फ हालसम्म संघ र प्रदेश स्तरमा ३५० भन्दा बढी ठूला आयोजनाहरुको वातावरणीय प्रभाव मूल्याङ्क र हजारौँका संख्यामा रहेको मझौला तथा साना आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भई प्रतिकूल वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने र अनुकुलता बढाउने गरी वातावरण व्यवस्थापन योजना कार्यान्वयन गर्ने प्रयासहरु भइरहेको अवस्था छ । यस गाउँपालिकामा संचालन हुने विभिन्न आयोजनाहरुको प्रारम्भिक र संक्षिप्त वातावरणीय अध्ययन हुदै आएको छ । स्थानीय स्तरमा त्यसैगरी ध्वनी, जल र वायुसँग सम्बन्धित प्रदुषण रोकथाम र नियन्त्रणका लागी केही मापदण्ड निर्धारण भई कार्यान्वनमा आएका छन् । औद्योगिक प्रतिष्ठान नियमित र आकस्मिक अनुगमन गरी मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएका छन् ।औधोगिक प्रतिष्ठानमा नियमित र आकस्मिक अनुगमन गरि मापदण्ड पालना गर्ने , गराउने कार्य भईरहेको छ । वातावणीय सक्षमता हासिल गर्न केहि स्थानिय तहहरुमा नमुनाको रुपमा जलवायु अनुकुलित गाँउ कार्यक्रम सञ्चालनमा ल्याइएको छ । सवारि साधहरुमा प्रदुषण जाँच गर्ने प्रकृया शुरु भएको छ । शहरी क्षेत्रमा विभिन्न प्रकारका वातावरणिय प्रदुषण रोकथाम तथा न्युनिकरण गर्न फोहोरमैला व्यवस्थापन, मापदण्ड विपरित बनेका पोलिथिनको झोलाको प्रयोगलाई नियन्त्रणका साथै विभिन्न जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिएको छ । देशको कुल वन क्षेत्रको करिब ४० प्रतिशत वन क्षेत्र स्थानिय वन उपभोक्ता समुहबाट व्यवस्थापन भई हरियालि प्रवर्द्धन हुँदै आएको छ । यसै गरि शहरी वन तथा उद्यानका कार्यक्रमहरुबाट प्रदुषण न्युनिकरण तथा शहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि गर्ने प्रयास भएको छ ।

यस गाउँपालिकाको १५ वर्षे गुरुयोजना, आवधिक योजना, र वार्षिक नीति तथा कार्यक्रममा वातावरण संरक्षण फोहरमैला व्यवस्थापन , जैविक विविधता संरक्षण , वन तथा भु संरक्षण कार्यक्रम , नदी तथा जलाधार

भएका क्षेत्रहरुको संरक्षण , वातावरणमैत्री घर , टोल ,वडा , सार्वजनिक कार्यालयहरु, उपभोक्ता समितिहरु , टोल विकास संस्थाहरु , विभिन्न कृषि तथा सहकारीहरुलाई वातावण संरक्षणका लागि तालिम कार्यक्रमहरु वाट क्षमता विकास गर्ने जस्ता कार्यक्रमहरु संचालन भएका छन । सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई वातावण संरक्षण संम्वन्धि तालिम गोष्ठी सेमिनारहरु आयोजना भएका छन । यी यस्ता प्रयासहरुले गाउँपालिकाको वातावरण संरक्षण गर्न प्रयास भएको छ ।

## ४. समस्या तथा चुनौति

जनसंख्या वृद्धि हुनु , अव्यवस्थित शहरीकरण वढ्नु , पुर्वाधार विकास र वातावरण वीचमा असन्तुलन हुनु , एकीकृत र योजनावद्ध विकासमा कमजोरी रहनु , अस्पताल , शहरी तथा औद्योगिक क्षेत्रहरुबाट निष्काशन हुने विभिन्न प्रकारका फोहार तथा प्रदूषणको सहि व्यवस्थापन गर्न नसक्नु र कृषि क्षेत्रमा अन्धाधुन्ध रुपमा प्रयोग गरिने विभिन्न विषादिहरुबाट वातावरण विग्रिनु जस्ता पक्षहरु नेपालका लागि प्रमुख वातावरणी समस्याहरु हुन् । प्रयेक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरण बाँच्न पाउने संवैधानिक हकलाई प्रयाभूत गर्ने गरी आवश्यक नीति,कानून, मापदण्ड निर्माण र यसको प्रभावकारी कार्यान्वयन गर्नु प्रमुख चुनौती रहेको छ । वातारणीय स्वच्छता सम्बन्धी विषयमा सबै निकाय र तहहरुको साझा प्रतिवद्धता जुटाउनु, ठूला उद्योग, यातायात तथा शहरी बस्तीमा मानवीय क्रियाकलापबाट हुने जल, जमीन, ध्वनी र वायु प्रदुषण नियन्त्रण गर्नु, प्लाष्टिक लगायत फोहोमैलाको उचित व्यवस्थापन तथा शहरी हरियाली कायम गर्नु, वातावरण र विकास बीच सन्तुलन  कायम गर्नु, वातावरण प्रदुषण गर्नेबाट दायित्व वहन गराउनु, वातावरण संरक्षण प्रति नागरिकको दायित्व बोध गराउनु, अध्ययन अनुसन्धानमा साझेदारी र सहकार्य जुटाउनुका  साथै सरोकारवालाहरुबीच समन्वय गर्नु यस क्षेत्रको थप चुनौतीका रुपमा रहेका छन् ।

## ५. नयाँ नीतिको आवश्यकता

विकास र वातावरणबीच सन्तुलन कायम गर्दै दीगो विकासको लक्ष्य पूरा गर्ने सन्दर्भमा वातावरणसगँ सम्बन्धित संघीय , प्रादेशिक ऐन, नियम तथा अन्य क्षेत्रगत कानूनलाई निर्देश गर्न ,अन्राष्ट्रिय प्रतिबद्धताहरु समेत पुरा गर्न तथा सरकारी, गैरसरकारी संस्था, समुदाय र निजी क्षेत्र र संघ, प्रदेश

र यस गाउँपालिका र अन्य स्थानीय तहका बीच वातावरण व्यवस्थापनमा समन्वय र सहकार्य गर्न यस गाउँपालिकाको वातावरण नीतिको तर्जुमा गर्न आवश्यक रहेको हो ।

## ६. लक्ष्य

प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गर्ने ।

## ७. उद्देश्य

१. जल, वायु, माटो, ध्वनी, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक तथा रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम,नियन्त्रण र न्यूनीकरण गर्ने ।

२. घरेलु, औद्योगिक तथा अस्पताल , विद्यालय लगायत सबै स्रोतबाट सिर्जित फोहोरमैलाको व्यवस्थापन गर्ने ।

३. शहरी तथा ग्रामिण क्षेत्रमा उद्यान विकास तथा हरियाली विस्तार गर्ने ।

४. विकासका सबै आयामहरुमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने ।

५. प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिच्श्चितता गर्ने ।

६.वातावरण संरक्षण तथा प्राकृतिक दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने ।

७. वर्तमान तथा भावी पुस्ताबीचमा न्यायोचित हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतहरुको उपयोग गर्ने ।

८. वातावरण संरक्षण र व्यवस्थापन लागि शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने ।

९. जमीनको प्रयोग भू -उपयोग योजना वमोजिम गर्ने ।

## ८. नीतिहरु

यस नीतिको लक्ष्य र उद्देश्यहरु हासिल गर्ने निम्न नीतिहरु अवलम्बन गरिनेछ :

### ८.१ प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरणका नीति

१. सबै प्रकारका प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरणका लागी प्रभावकारी प्रणाली स्थापना गरिनेछ ।

२. उद्योग , कलकारखाना , अस्पताल तथा सवारी साधनहरुको सञ्चालनमा वातावरण मैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

३. उत्पादनमा भएका हानिकारक रसायनहरुलाई नियम तथा नियन्त्रण गर्दै जोखिमपूर्ण पदार्थबाट मानव स्वास्थको रक्षा वातावरण संरक्षण गरिनेछ ।

### रणनीति तथा कार्यनीति

१. जल, वायु, माटो, ध्वनी, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक तथा रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथाम सम्बन्धी राष्ट्रिय मापदण्डलाई आधार मानि स्थानीय मापदण्ड तयार गरी कार्यान्वयन गरिन्छ ।

२. प्रमुख वजार केन्द्रहरु, व्यापारिक क्षेत्रहरु लगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल,ध्वनी गुणस्तरको नक्शांकन गरिनेछ ।

३. ओद्योगिक तथा वजार केन्द्र क्षेत्रबाट निष्काशन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिनेछ ।

४. उद्योग र अन्य व्यवसायहरुबाट निश्काशन हुने प्रदूषणयुक्त धुँवा, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरण -मैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ ।

५. घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि विद्युतिय चुह्ले, सौर्य चूल्हो, वायो ग्याँस,सुधारिएको चुलो जस्ता उपकरणहरुको प्रवर्द्धन गरिनेछ ।

६.ऊर्जा किफायती भवन (Energy Efficient Building) निमार्णमा जोड दिइनेछ ।

७. प्रदूषण नियन्त्रणका लागि आवश्कता अनुसार सघनतामा आधारित मापदण्ड (concentration – based Standards) एंव भारमा आधारित मापदण्ड(Load–based standards) तर्जुमा गरी कार्यान्वयन गरिन्छ ।

८. प्रदूषण नियन्त्रणका लागि उत्सर्जन स्थल नक्साङ्क (Emission Field Mapping),उदगम पहिचान (Source Apportionment)का लागि विक्षेण प्रतिमान (Dispersion Modeling)जस्ता नवीनतम विधिहरुको प्रयोग गरिनेछ ।

९. पुनःप्रयोग गर्न नमिल्ने फोहोरलाई आवश्यकताअनुसार फोहोर विसर्जन क्षेत्र (landfill Site), हानिकारक फोहोर विसर्जन क्षेत्र (Hazardous Waste Landfill Site ),भष्मीकरण यन्त्र (Incineration Plant )मा सुरक्षित तरिकाले विसर्जन गरिनेछ ।

१०. व्यापारिक तथा औद्योगिक क्षेत्र, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहोरलाई एकीकृत भष्मीकरण यन्त्र (combined Incineration Plant)स्थापना गरी विसर्जन गरिन्छ ।

प्रमाणिकरण मितिः २०७९/०९/०७

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत